Research Management Cell
Adarsha Multiple Campus




AMC Journal
Link : https://doi.org/10.3126/amcj.v2i1.35791

ISSN: 2717-4808 (Print), 2738-9987 (Online)

# ‘दोषी चस्मा’ कथामा असामान्य मनोविश्लेषण

डा. भरतकुमार भट्टराई*

## सार

*यस लेखमा नेपाली साहित्यका अति चर्चित आख्यानकार विश्वेश्वरप्रसाद कोइरालाको ज्यादै लोकप्रिय कथा ‘दोषी चस्मा’ को मनोवैज्ञानिक पक्षको विश्लेषण गरिएको छ । कथाको विश्लेषणको आधार फ्रायडीय मनोविश्लेषण सिद्धान्तको विधिलाई बनाइएको छ । यसमा कथाकारको परिचय र कथागत प्रवृत्ति उल्लेख गर्दै कथाभित्रको मनोविश्लेषणात्मक पक्षलाई केलाइएको छ । खास गरी विविध कथागत विशेषतालाई केलाउँदै कथामा चित्रित असामान्य मनोविश्लेषणको व्याख्यामा प्रस्तुत लेख केन्द्रित रहेको छ । कथामा असामान्य मनोविश्लेषण छ कि छैन भन्ने पक्षलाई समस्याका रूपमा लिइएको छ । यसका साथै, प्राक्कल्पनालाई पुष्टि गर्ने तथ्यहरूलाई कथागत मनोघटनाहरूकै आधारमा साक्षी राखेर केलाई निष्कर्षमा पुग्नु लेखको उद्देश्य रहेको छ । कथाका मनोघटनाहरूको सूक्ष्म अध्ययनबाट कथामा एउटा चाकरीबाजको असामान्य मनोविश्लेषणको स्थितिलाई कलात्मक रूपमा देखाइएको छ भन्ने निष्कर्ष निकालिएको छ । कोइरालाका कथाहरूलाई यस प्रकारको फ्रायडीय मनोविश्लेषणको सिद्धान्तबाट सटीक विश्लेषण गर्न सकिने नमुना यस लेखले प्रस्तुत गरेको छ ।*

**मुख्य शब्दावली** : असामान्य मनोदशा, फ्रायडीय मनोविश्लेषण, मनका तह, मानसिक अन्तर्द्वन्द्व, हीनताग्रन्थि ।

## १. विषय परिचय

कथाकार विश्वेश्वरप्रसाद कोइराला राजनीतिक तीव्र सोच र सूक्ष्म मनोविश्लेषण शक्ति भएका साहित्यकार हुन् । उनका यी दुवै पक्षको समन्वित अभिव्यक्ति ‘दोषी चस्मा’ कथामा पाइन्छ । राणाकालीन निरङ्कुशतामा बाँचेको एउटा चाकरीबाजको असामान्य मनस्थितिलाई देखाएर तत्कालीन

* डा. भरतकुमार भट्टराई त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागमा सहप्राध्यापक हुनुहुन्छ । उहाँ भाषाविज्ञानका क्षेत्रमा विशेष दखल राख्नुहुन्छ । इमेल : bhattaraivarat59@gmail.com

अवस्थाका सम्पूर्ण नेपालीको मनोविश्लेषणात्मक प्रतिबिम्ब उतार्नमा विशिष्ट देखिएकाले यस लेखमा प्रस्तुत कथालाई विश्लेषणका निम्ति छानिएको हो । कथाकार कोइराला आफ्ना कथामा फ्रायडीय मनोविश्लेषण सिद्धान्तको प्रयोग गरी मानवमनको सूक्ष्म यथार्थ केलाउन कुशल देखिन्छन् । मनका विविध तहहरूलाई केलाई सामान्य तथा असामान्य मनोविश्लेषण गर्ने कोइरालाको विवेच्य कथा पात्रगत मनोद्वन्द्व देखाई पात्रको असामान्य मनोविश्लेषणमा सबल रहेकाले यसको फ्रायडीय मनोविश्लेषण सिद्धान्तको कथाविश्लेषण विधि अँगालेर कथाको कथ्य, पात्र, परिवेश र भाषिक पक्षका माध्यमबाट सूक्ष्म स्तरमा मनोविश्लेषणात्मकताको विश्लेषण गरिएको छ । राणाकालीन परिवेश कस्तो थियो ? प्रमुख पात्र केशवराज चाकरी गर्न चुक्ता उसको मानसिकतामा कस्तो प्रभाव पऱ्यो ? त्यसबाट उसका मनमा केकस्ता मानसिक द्वन्द्व उत्पन्न भए ? उसभित्रका चेतन र अचेतन मनका बिचमा केकस्ता सङ्घर्षहरू चले ? ती मानसिक सङ्घर्षहरू पात्रका केकस्ता भाषिक अभिव्यक्तिहरूबाट प्रकट भए ? अन्तमा प्रमुख पात्रमा कस्तो असामान्य मानसिक स्थिति घटित भयो ? यी सबै प्रश्नहरूको उत्तर खोज्ने कार्य फ्रायडीय मनोविश्लेषण सिद्धान्तमा वर्णित चेतन र अचेतन मनका तह, हीनताग्रन्थि, सामान्य र असामान्य मनोदशाको स्थितिको विश्लेषणका आधारभूत मनोविश्लेषणका विधिको प्रयोग गरेर सम्पन्न गरिएको छ । निष्कर्षमा प्रमुख पात्र केशवराजमा विकसित असामान्य मनोविश्लेषणको स्थितिलाई देखाई अध्ययनको उद्देश्य पूर्ण गरिएको छ ।

## २. अध्ययनको उद्देश्य

यस अध्ययनमा मनोवैज्ञानिक कथाकार विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित ‘दोषी चस्मा’ कथाभित्र प्रयुक्त असामान्य मनोविज्ञानका पक्षलाई विश्लेषण गर्ने मूल उद्देश्य लिइएको छ ।

## ३. सैद्धान्तिक अवधारणा

फ्रायडीय सिद्धान्तअनुसार मान्छेका मनका तीन तह (चेतन, अचेतन र अर्धचेतन) हुन्छन् भने विभिन्न मनोग्रन्थि (मातृरतिग्रन्थि, पितृरतिग्रन्थि, हीनताग्रन्थि, उच्चताग्रन्थि, स्वपीडक-ग्रन्थि, परपीडक-ग्रन्थि), प्रकृति (सामान्य र असामान्य मनोविकृति वा मनोरोग), प्रवृत्ति (अन्तर्मुखी, बहिर्मुखी र उभयमुखी) आदि हुन्छन् (फ्रायड : इ.१९९६, भण्डारी : २०५६) । साहित्यकारले फ्रायडीय मनोविश्लेषण सिद्धान्तलाई अँगालेर व्यक्तिको वैयक्तिक वा सामूहिक मनको विश्लेषण गरेका हुन्छन् । फ्रायडीय सिद्धान्तमा मान्छेको सबभन्दा शक्तिशाली र प्रभावक अचेतन मन हुने मानिन्छ र त्यो मन व्यक्तिगत र सामूहिक हुने कुरा पनि स्विकारिन्छ । अझ फ्रायडको के विश्वास छ भने मान्छेको सम्पूर्ण जीवन सञ्चालन गर्ने जीवनशक्तिचाहिँ यौन वा काम (रति) हो । यस जीवनशक्तिको मूल वासस्थान चेतन मन होइन बरु अचेतन मन हो (भण्डारी, २०५६ : २९-५८) । फ्रायडका अनुसार मान्छेको अचेतन मनले चेतन मनले भन्दा तीन गुणा बढी भाग ढाकेको हुन्छ किनभने सिङ्गो मनलाई चार भाग लगाउने हो भने अचेतनले एक तिहाइ भाग ढाक्छ तर चेतनले एक चौथाइ भाग मात्र ओगटेको हुन्छ । यसैले मान्छेका अधिकांश क्रियाकलापहरू अचेतनकै प्रभाव र प्रेरणाद्वारा सम्पन्न हुन्छन् । फेरि मानिसका इच्छा वा चाहना अनेकौं हुन्छन् र ती इच्छाहरू सामाजिक, राजनैतिक, आर्थिक, सांस्कृतिक आदि कारणले पूर्ण हुन पाउँदैनन् ।

त्यस्ता अपूर्ण, अतृप्त वा असन्तुष्ट इच्छाहरू गएर अचेतन मनमा थुप्रिन्छन् र मानिसलाई विभिन्न अवसरमा ती दमित यौनेच्छा आदिले सताइरहन्छन् किनभने अचेतनमा थुप्रिएका इच्छाहरूलाई जसरी भए पनि सन्तुष्ट वा तृप्त पारेर आनन्द लिने स्वभाव अचेतनको हुन्छ। यस क्रममा चेतन वा सामाजिक र नैतिक आदर्शयुक्त मन र अचेतन वा आनन्दमुखी मनका बिचमा सङ्घर्ष वा द्वन्द्व भइरहन्छ (फ्रायड, इ.१९९६ : २२५-२९४) । यस्तो चेतन र अचेतनबिचको अन्तर्द्वन्द्वलाई मनोवैज्ञानिक कथाकारले कथाका चरित्र वा पात्रका मानसिक द्वन्द्वका माध्यमबाट प्रस्तुत गरेका हुन्छन् ।

यस अध्ययनमा फ्रायडीय मनोविज्ञानको कोणबाट कथाकार कोइरालाद्वारा लिखित 'दोषी चस्मा' कथालाई विश्लेषण गरिएको छ । अध्ययनमा दोषी चस्मा कथा रचनाको सन्दर्भ तथा रुसी कथाकार आन्तोन चेखभको सन्दर्भलाई केलाइएको छ । पात्रगत भूमिकाका आधारमा कथामा प्रयुक्त असामान्य मनोविज्ञानलाई केलाइनु नै यस अध्ययनको सैद्धान्तिक आधार हो ।

## ४. अध्ययन विधि

प्रस्तुत अध्ययन सैद्धान्तिक प्रकृतिको रहेको छ । यसमा पुस्तकालयीय सामग्रीलाई गुणात्मक अनुसन्धान विधिको प्रयोग गरी सम्पन्न गरिएको छ । प्राथमिक स्रोत सामग्रीका रूपमा कथाकार कोइरालाको कथालाई प्रयोग गरिएको छ भने मनोविज्ञान, फ्रायडीय सिद्धान्त तथा यस विषय र सन्दर्भसँग सम्बन्धित अध्ययनीय विश्लेषणलाई द्वितीयक स्रोतका रूपमा उपयोग गरी यो अध्ययनलाई पूरा गरिएको छ ।

## ५. कथाकारको चिनारी

विश्वेश्वरप्रसाद कोइराला (वि.सं. १९७१-२०३९) नेपाली राजनीति र साहित्य क्षेत्रका विशिष्ट व्यक्तित्व हुन् । उनी बहुमुखी प्रतिभा भएका व्यक्तित्व हुनाले कथा, उपन्यास, कविता, निबन्ध, जीवनी, दैनिकी, समालोचना आदि साहित्यिक विधामा कलम चलाउन समर्थ रहे । बहुप्रतिभाशाली कोइरालाका मरणोपरान्त प्रकाशित 'आफ्नो कथा' (२०४०), 'जेल जर्नल' (२०५४) र 'आत्मवृत्तान्त' (२०५५) ले उनलाई नेपाली साहित्यका विशिष्ट आत्मजीवनीकार र दैनिकीकारका रूपमा सुपरिचित गराएका छन् तापनि मूल रूपमा साहित्यकार कोइराला एक सफल तथा कुशल आख्यानकार (कथाकार र उपन्यासकार) का नामले विख्यात रहेका देखिन्छन् । आख्यानकार कोइरालाका अहिलेसम्म दुई ओटा कथासङ्ग्रह प्रकाशित छन् : 'दोषी चस्मा' (२००६) र 'श्वेतभैरवी' (२०३९) । यसै गरी हालसम्म उनका ६ ओटा उपन्यास प्रकाशित छन् : 'तीन घुम्ती' (२०२५), 'नरेन्द्र दाइ' (२०२७), 'सुम्निमा' (२०२७), 'मोदिआइन' (२०३६), 'हिटलर र यहुदी' (२०४०) र 'बाबु, आमा र छोरा' (२०४५) (शर्मा, २०५६ : १०३-११०) ।

### ५.१ कथागत प्रवृत्ति र विशेषता

विश्वेश्वरप्रसाद कोइराला नेपाली साहित्यमा सर्वप्रथम मनोवैज्ञानिक कथाको शुभारम्भ गर्ने आधुनिक कथाकार हुन् । उनले गुरुप्रसाद मैनालीसँगसँगै नेपाली कथामा आधुनिकता ल्याएर

एक युगप्रवर्तक कथाकारको भूमिका खेलेका छन् । मैनालीले नेपाली कथामा सामाजिक यथार्थवादको थालनी गरेर आधुनिकताको आमन्त्रण गरेका थिए भने कोइरालाले नेपाली कथामा मनोवैज्ञानिक यथार्थवादको सुरुवात (त्रिपाठी, २०२८ : ५३) गरेर सो आधुनिकतामा नवीन धारागत आयाम थपेर नेपाली कथालाई विश्वस्तरीय स्थानमा पुऱ्याउनेतर्फको गन्तव्यमा अभिमुख गराएका थिए ।

कथाकार कोइरालाले आफ्ना कथामा खास गरी विश्वप्रसिद्ध मनोवैज्ञानिक वा मनोविश्लेषणशास्त्री सिग्मन्ड फ्रायडद्वारा प्रतिपादित मनोविश्लेषण सिद्धान्तको कलात्मक प्रयोग गरेका छन्। त्यसैले उनलाई फ्रायडवादी कथाकार भनिन्छ । फ्रायडवादी मनोविश्लेषण सिद्धान्तको कलात्मक प्रयोग गरी रचिएको उनको पहिलो कथा ‘चन्द्रवदन’ हो र यो १९९२ सालको ‘शारदा’ पत्रिकामा प्रकाशित भएको थियो (बराल, २०२९, शर्मा, २०५०, श्रेष्ठ, २०५७) ।

कथाकार कोइराला पनि माथि उल्लेख भएको फ्रायडवादी मनोविश्लेषण सिद्धान्तका आधारमा कथाका पात्रहरूको मनोद्वन्द्वलाई सूक्ष्म ढङ्गले कलात्मक रूपमा अभिव्यक्त गर्न सिपालु देखिन्छन् । यसरी मनोवैज्ञानिक यथार्थवादी धाराको नयाँ प्रवृत्ति थाल्दै कोइरालाले नेपाली आधुनिक कथामा नयाँ आयाम थपेका हुन् (आचार्य र अन्य, २०४६ : १६) ।

## ६. ‘दोषी चस्मा’ कथाको विश्लेषण

### ६.१ प्रकाशन सन्दर्भ र कथागत मूल्य

‘दोषी चस्मा’ कथा सर्वप्रथम २००५ साल जेठमा बनारसबाट प्रकाशित हुने ‘युगवाणी’ पत्रिकामा छापिएको थियो । यसको एक वर्षपछि यसै शीर्षकलाई मुख्य बनाएर छापिएको कोइरालाको पहिलो कथासङ्ग्रह ‘दोषी चस्मा’ (२००६) मा सङ्कलित भई नेपाली पाठकहरूबिच आएर अत्यन्त लोकप्रिय कथा बन्यो । राणाकालमै लेखिएर त्यतिखेरै प्रकाशित भएको यस कथाले तत्कालीन सामाजिक परिवेशलाई सूक्ष्म अवलोकन र निरीक्षण गरी राणाकालीन चाकरीप्रथाभित्र पिल्सिएको नेपाली मानसिकताको रोचक विश्लेषण गरेको छ ।

राणाकालीन सामाजिक यथार्थलाई एउटा व्यक्तिका मनमा परेको त्रासपूर्ण कालो छायाका रूपमा सजीव तुल्याई लेखिएको ‘दोषी चस्मा’ कोइरालाका कथाहरूमध्येको सर्वश्रेष्ठ कथा हो । यस कथाले कोइरालाका राजनीतिक र साहित्यिक दुवै व्यक्तित्वलाई एकसाथ समेटेर उच्च मूल्य प्रदान गरेको छ । प्रजातन्त्रप्रेमी राजनीतिज्ञ र मनोवैज्ञानिक कथाकार कोइरालाको समष्टि स्वरूप यस कथामा भेटिन्छ । राजनीतिक विषयलाई मनोवैज्ञानिक कथामा उतार्ने सुन्दर कला यस कथामा देखिने हुनाले यो एक ‘क्लासिक’ रचना हो । सामन्ती र अधिनायकवादी शासनव्यवस्थाका अत्याचारमुनि क्षणक्षण आकुल-व्याकुल भई भयाक्रान्त मनस्थितिमा जीवन गुजार्ने निरीह जनताको शाश्वत तस्बिर ‘दोषी चस्मा’ कथामा हृदयस्पर्शी बनेर चित्रित भएको छ । जनविरोधी शासनभित्र दीनहीन बनेर बाँच्न विवश व्यक्तिको मनोदशाको कलात्मक चिरफार गरिएको यस कथाले अप्रजातान्त्रिक

शासनप्रति तीव्र व्यङ्ग्य गरेको छ र त्यस्तो शासनलाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउनुपर्ने अन्तःसन्देश प्रवाह गरेको छ ।

### ६.२ कथारचनाको प्रेरणा र प्रभाव

'दोषी चस्मा' कथाको रचना गर्ने प्रेरणा र प्रभाव कोइरालाले विश्वप्रसिद्ध रुसी साहित्यकार आन्तोन चेखभबाट पाएको देखिन्छ । चेखभको इ. १८८३ मा प्रकाशित 'कारिन्दाको मृत्यु' (अङ्ग्रेजीमा 'The Clerk's Death') कथा (चेखभ, इ. १९८२ : १०-१३) बाट प्रेरित-प्रभावित भई कोइरालाले वि.सं. २००५ (इ. १९४८) मा 'दोषी चस्मा' लेखे (श्रेष्ठ, २०३२ : १७२-१७९) । चेखभको उक्त कथासँग कोइरालाको कथाले कतिपय सन्दर्भमा समानता देखाएको छ । चेखभको कथाको प्रमुख पात्र पनि कर्मचारी हुन्छ र कोइरालाको कथाको प्रमुख पात्र पनि चाकरीबाज वा कर्मचारी नै हुन्छ । चेखभको कथामा हाच्छ्युँ गरेर सिँगानका छिटा पारेर एक जर्नेलमाथि भुल गरिन्छ भने कोइरालाका कथामा पावरविनाको चस्मा लगाएर समयमै राम्ररी देख्न नसक्दा जर्नेल साहेब वा जर्साबलाई स्वस्ति नगरेर भुल गरेको ठानिन्छ । चेखभ र कोइराला दुवैका प्रमुख पात्रहरू हीनताको भावनाले ग्रस्त हुन्छन् अनि दुवैले आआफ्ना श्रीमतीसँग सल्लाह माग्दा माफी माग्नुपर्ने सुझाव दिन्छन् । त्यसै गरी दुवै कथाकारका प्रमुख पात्रले तीन-चार पटक माफी माग्ने प्रयास गरेका छन् । ती दुवै कथाका प्रमुख पात्रलाई यस्तो सानो वा जाबो कुराप्रति वास्तै नगरी माफी दिइएको पनि देखाइएको छ र ती दुवै एकदमै शङ्कालु एवम् मानसिक चिन्तामा डुब्ने मनोरोगी देखिएका छन् ।

चेखभ र कोइरालाका उक्त दुई कथामा प्रशस्तै समानता पाइए पनि 'दोषी चस्मा' चेखभकै कथाको अनुवाद वा नक्कल होइन, एउटा मौलिक सिर्जना हो । कोइरालाले आफ्नै नेपाली परिवेश वा पात्रको सोचाइलाई स्थान दिएर आफ्नो मौलिकतालाई बचाएका छन् । चेखभको पात्र शङ्काको आगोले छटपटिएर मर्छ तर कोइरालाको शङ्कालु पात्र धैर्य गरी सकारात्मक सोचाइ अँगाल्ने नेपालीकै प्रतिरूप भई बाँच्छ । त्यसैले 'दोषी चस्मा' रुसी कथाकार चेखभको प्रभाव परेको कोइरालाको एक सफल मौलिक सिर्जना बनेको कुरा सबैले स्वीकार गरेका छन् । वास्तवमा विषयचयन, पात्रविधान, परिवेशचित्रण, कथावस्तुको उठान र बैठानद्वारा कथाको सिर्जनात्मक मौलिकता साबित हुन गएको छ जसमा संस्कारगत भिन्नताले मुख्य भूमिका खेलेको छ । चाकरीमा रमाउने संस्कृति भएकाले नेपाली केशवराज बाँचेर जीवन चलाउने प्रयास गर्छ भने चाकरीलाई अस्वीकार गर्ने रुसी संस्कृति भएकाले चेखभको मुख्य पात्र मर्छ । यिनको मानसिकताको बनोटलाई आआफ्नो सामाजिक संस्कृतिले निर्धारण गरेको देखाउनु मौलिकताको कसी हो (त्रिपाठी, २०२८, श्रेष्ठ, २०३२, शर्मा, २०४०, शर्मा, २०५६, श्रेष्ठ, २०५७) ।

### ६.३ पात्रको मानसिकताको विश्लेषण

'दोषी चस्मा' सामाजिक परिस्थितिबाट जन्मेको जटिल मानसिकताको चित्रण गर्ने एक उत्कृष्ट मनोवैज्ञानिक कथा हो । यसमा विशिष्ट सामाजिक वा राजनैतिक प्रथाद्वारा व्यक्तिका

मनमा पार्ने गम्भीर प्रभावको मनोवैज्ञानिक विश्लेषण गरिएको छ । यहाँ क्रूर र अत्याचारी राणाशासनको कठोर दमनमुनि चाकरी गरेर दासतापूर्वक जीवन निर्वाह गर्न विवश चाकरीबाज केशवराजको मनोविश्लेषण छ (शर्मा, २०४० : १४-१६) । त्यसैले यो कथा घटनाप्रधान नभई चरित्रप्रधान बनेको छ । यस्तो कथाले घटना वा कथानकलाई त्यति महत्त्व दिँदैन, चरित्रका विभिन्न पक्षको वर्णन-विश्लेषणमा बढी ध्यान दिन्छ । यसैले यसमा झिनो कथानक छ र सघन चारित्रिक विश्लेषण छ । पातलो घटना र बाक्लो मनोविश्लेषण भएकाले यस कथामा खासखास घटना, प्रसङ्ग र मानसिक संवेगहरूबाट कथाकारले मानसिक घटनावलीको योजना गरेका छन् । घटनाक्रमको योजना क्रमिक शृङ्खलामा गरिएकाले कथा आदि-मध्य-अन्त्यको रैखिक गतिमा पूर्ण भएको छ । कथाको संरचना सरल छ । यस कथाको मानसिक घटनाक्रमलाई तल भनेअनुसार देखाउन सकिन्छ ।

एकदिन पावर कम भई राम्ररी देख्न नसक्ने भएको दोषी चस्मा लगाएको केशवराज जर्साबका महलमा चाकरी (नोकरी) गर्न जान्छ । साँझ पर्न लाग्दा पनि जर्साब नआएपछि अरू चाकरिया निराश भई घर फर्कन थाले पनि ऊचाहिँ केही समय दर्शन गर्ने आशाले कुरिरहन्छ । परन्तु जर्साब नआएकाले ऊ पनि अस्ताउँदो सूर्यको रमाइलो प्राकृतिक दृश्य हेर्दै बडो उत्साहसाथ घरतिर फर्कन बाटो लाग्छ । बाटामा उसलाई कालो वस्तुजस्तो केही आएजस्तो लाग्छ तर चस्माको पावर कम भएकाले टाढाको वस्तुलाई ऊ राम्ररी ठम्याउन सक्तैन । उसकै छेउमै आइपुग्दा मात्र त्यो जर्साबको मोटर हो भन्ने उसलाई थाहा हुन्छ । मोटर उसलाई पछि पारेर अगि बढिसकेपछि ऊ जर्साबलाई पछाडिपट्टिबाट स्वस्ति (दर्शन वा ढोग) गर्न भ्याउँछ । ऊ अगाडिबाट जर्साबले प्रत्यक्ष देख्ने गरी स्वस्ति गर्न नभ्याएकोमा आफूले ठूलो गल्ती गरेको ठान्छ । आफ्ना अन्नदाता र आशा-भरोसाका एकमात्र केन्द्र रहेका जर्साबलाई समयमै स्वस्ति वा नमस्कार गरेर चाकरी पुऱ्याउन नसकेकामा ऊ एकदमै खिन्न हुन्छ र उसलाई हीनताको भावनाले ग्रस्त पार्छ । यस खिन्नतासँगै उसका मनमा अनेक शङ्का-उपशङ्का उब्जन्छन् । उसले जर्साबलाई नटेरेको भन्ने ठानियो भने त आफ्नो बासै उठीबास हुन सक्छ भन्ने आशङ्का र डरले केशवराजलाई हतोत्साह बनाउँछ । ऊ मानसिक चिन्ताले छटपटाउँदै घर पुग्दा उसमा क्रमशः रिस बढ्न थाल्छ । पहिले त ऊ धोका दिने आफ्नै दोषी चस्मादेखि रिसाउँछ । त्यसपछि काम बिगारेपछि मात्र आँखा देख्ने आफ्नै मूर्खताप्रति रिसाउँछ । त्यसै गरी सजिलै जिउबाट ननिस्कने आफ्ना लुगादेखि रिसाउँछ । त्यसपछि भात पकाउँदै गरेकी आफ्नी निर्दोष पत्नीप्रति तथानाम गाली गर्दै रिस पोख्छ । भात खाएर सुतेपछि पनि उसलाई निन्द्रा लाग्दैन । अब उसका मनमा दुई थरी विचार वा भावनाको द्वन्द्व चल्न थाल्छ । एकातिर उसले जर्साबप्रति ठूलो अपराध वा पाप गरेको भन्ने सोचाइ बढ्छ भने अर्कातिर राम्ररी देख्न नसक्ने चस्मा लगाएको अन्धोले अपराध गरेकै होइन नि भन्ने निर्दोषिताको भावना पनि आउँछ । तापनि, आफूले भुल गरेकै हो भन्ने निष्कर्षमा केशवराजको मन शङ्कालु र भयभीत हुन पुग्छ । यसपछि ऊ झन् आत्तिन्छ र निदाउनै नसकी आधा रातसम्म छटपटाइरहन्छ । लोग्नेको यस्तो स्थिति थाहा पाई आफूलाई यस्तो दुःख पर्नाको कारण बताउन केशवराजकी स्वास्नीले

अनुरोध गर्दा उसलाई झन् रिस उठ्छ तापनि पिरले भुटभुटिएको केशवराज आफ्नो समस्या अप्रत्यक्ष रूपमा स्वास्नीसामु राख्छ । स्वास्नीले माफी माग्ने उपाय बताएपछि ऊ घैँटामा घाम लागेझैँ फुरुङ्ग परी बिहान उज्यालो हुने समय नै नभई माफीका लागि जर्साबसँग भेट गर्न जान आतुरिन्छ ।

भोलिपल्ट जर्साबसित माफी माग्न एकान्त स्थानमा छुट्टै बसेका बेला दरबारभित्रबाट आएको जर्साबको सइससित रिसाएको ठूलो आवाज केशवराजले सुन्छ । केशवराजलाई आफ्नै अपमानका कारणले जर्साब त्यसरी रिसाएका हुन् भन्ने लाग्छ र आफ्ना लागि स्थिति प्रतिकूल भएको ठानी त्यस दिन माफी नै नमागी घर फर्कन्छ । घरतिर फर्कँदा बाटामा उसलाई नातागत भई एक डेग चल्दा पनि स्वाँस्वाँ हुन थाल्छ भने सानो कुरामा पनि रिसाउने जर्साबको बानीसँग रिस उठ्न थाल्छ । आफूले जानीजानी कुनै अपराध नगरेको तर थोत्रो चस्माले देख्न नसकेको हुनाले आफ्नो समस्या बुझ्दै नबुझी बिनासित्ती रिसाउने जर्साबसँग माफी माग्नुपर्ने कुनै खाँचो छैन भन्ने मनको दोधारमा पर्दै ऊ आफूलाई केही दरो बनाउन प्रयास गर्छ । फेरि घर पुग्दा नपुग्दै हीनताले गाँठिएको केशवराज आफूजस्तो चाकरीले नै दुई छाक टार्ने झुत्रेले जर्साबसँग टेक लिन खोजे भोकै मर्नुपर्ने विचार गर्दै पुनः माफी माग्नुपर्ने निधोमा पुग्छ । यसै अनुसार ऊ जर्साबकहाँ जान्छ र भन्छ, "प्रभु ! चस्माको दोष, माफ पाऊँ ।" तर 'केको माफी ?' भनेर जर्साबले कडासित उल्टै सोधिदिँदा ऊ अलमल्ल पर्छ र जर्साब त ऊसँग धेरै रिसाएका रहेछन् भन्ने ठानेर झन् डरले काम्दै थचक्कै बस्छ । यसपछि उसमा घोर निराशा उत्पन्न हुन्छ अनि उसको भोक-तिर्खा सबै हराउँछ । यसरी आत्तिएको उसमा अन्तमा बाँच्ने प्रेरणा सबल हुन्छ र ऊ पुनः सक्रिय भई आफ्ना सबै कुरा जर्साबलाई भनेर माफी माग्न जर्साबको दरबारमा जान्छ । जर्साबले उसका सबै कुरा सुन्छन् र 'यस्तो जाबो कुरा' भनेर माफी दिई केशवराजको 'मनको बाघ' लाई मारिदिन्छन् अनि अस्वस्थ मनस्थितिमा पुगेको एउटा चाकरीबाजलाई भ्रमको डरलाग्दो आतङ्कबाट शान्त पार्छन् । यस्तो परिस्थितिबाट अन्तमा केशवराज बडो प्रसन्नता, खुसी र करुणाको भाव मनमा लिन्छ । परन्तु, उसको मनको कुनामा रहेको जति चाकरी गरे पनि खुसी पार्न नसकिने जर्साबका व्यवहारलाई सम्झेर ग्लानि अनुभव गर्छ ।

माथिको मानसिक घटनाका योजनामा बडो उत्साहसाथ घर फर्कँदै गरेको केशवराजले आफ्नो दोषी चस्माले गर्दा जर्साबलाई पहिले नै चिनेर मोटरको अगाडिबाट स्वस्ति गर्न चुक्दा त्यसको डरत्रासले आफ्नो सर्वनाश हुने जुन मानसिक चिन्ता उसमा उत्पन्न हुन्छ यहीँबाट कथानकको प्रारम्भ हुन्छ । उक्त चिन्ताले उसभित्र रिस वा क्रोधको बाढी ल्याइदिन्छ, निराशा र अत्यास बढाउँछ, निन्द्रा लाग्दैन र पीडाले छटपटाउने अवस्थामा पुऱ्याउँछ । उसकी पत्नीले त्यस्तो मानसिक दुःख हटाउन माफी माग्ने सल्लाह दिएपछि उसमा मानसिक परिवर्तन आउँछ । यहाँसम्मका प्रसङ्गहरू मानसिक कथानकका आदिभागभित्र पर्छन् । केशवराजले पटकपटक माफी माग्ने प्रयास गरी मानसिक चिन्ताबाट मुक्त हुने क्रममा गरेका विविध मानसिक सन्दर्भहरू मध्यभागमा पर्छन् । तेस्रो पटकको प्रयासमा जब उसले

जर्साबबाट माफी पाउँछ तब मध्यभागको समाप्ति हुन्छ । माफीपछि प्रसन्नता, खुसी र करुणा भरिएको मनले जीवनलाई हेर्न थालेर अन्ततः जर्साब खुस पार्ने क्रममा भोग्नुपर्ने ग्लानिको प्रसङ्गसँगै केशवराजको हीनताग्रस्त मानसिकतालाई चिरफार गरी कथानकलाई अन्त्यभागमा पुऱ्याइएको छ (कोइराला, २०३२ : १-७) ।

## ६.४ असामान्य मनोविज्ञानको चित्रण

'दोषी चस्मा' प्रमुख पात्रको असामान्य मनोविज्ञान देखाउने मनोवैज्ञानिक वा मनोविश्लेषणात्मक कथा हो । यसमा फ्रायडीय मनोविश्लेषण सिद्धान्तका आधारमा केशवराज भन्ने प्रमुख पात्रको विकृत वा अस्वस्थ स्थितिमा पुगेको मानसिकताको सूक्ष्म विश्लेषण गरिएको छ । यस क्रममा कथाभित्र मानवीय संवेगहरूको वर्णन गरिएको छ । मानवीय संवेग भनेका मानिसका मनभित्र रहेका डर, रिस, हर्ष, चिन्ता, करुणा, प्रेम, घृणा, आशा, निराशा, ग्लानि, हीनता आदि सूक्ष्म उत्तेजना वा स्थिति हुन् । 'दोषी चस्मा' ले यिनै मानसिक तहमा उत्पन्न भएका भावहरूलाई गम्भीर रूपमा केलाएको छ (शर्मा, २०५० : ४६) र केशवराजका मनमा भएका ती संवेगहरूको ताँतीलाई देखाएको छ ।

कथाको सुरुमा केशवराजका मनमा आशा, उत्साह, प्रसन्नता छचल्किएको देखिन्छ । जब जर्साबलाई चाकरी पुग्ने गरी स्वस्ति गर्न पाउँदैन तब उसको भित्री इच्छा सहजै पूर्ण वा तृप्त हुन नपाई त्यो दमित इच्छाको रूपमा अचेतन मनमा दबिन्छ र त्यसले उसको मानसिकतामा विविध संवेगहरूका माध्यमबाट उथलपुथल मच्चाइदिन्छ । राणाशासनका शक्तिशाली व्यक्ति आफ्ना अन्नदाता र आशाका केन्द्र रहेका जर्साबलाई पावर कम भएको चस्माले धोका दिएर भक्ति गर्न नपाउँदा केशवराजमा डर, त्रास, आतङ्क र तीव्र हीनता बढ्यो । ठूला मानिसको इज्जतै नरहने गरी स्वस्ति गर्न अटेर गरेको भन्ने भावना जर्साबमा पऱ्यो भने आफ्नो बासै उठ्छ भन्ने डरलाग्दो शङ्का केशवराजका मनमा उब्ज्यो । यस शङ्काले उसका मनमा रिसको लहर दौड्यो । चस्मामाथि रिस, आफ्नो मूर्खतामाथि रिस, लुगामाथि रिस, निर्दोष स्वास्नीमाथि रिस खनियो । बढी रिसले राती अनिद्रा बढ्यो र मानसिक छटपटीले सताउन थाल्यो । आफ्ना अन्नदातामाथि ठूलो अपराध वा पाप गरियो भन्ने अचेतन मनको औडाहा वा पिरले एकातिर केशवराजको मनमा डढेलो लगायो भने अर्कातिर पावरविनाको चस्माले गर्दा भएको सानो बिरामबाट केको अपराध हुनु नि भन्ने चेतन मनको पवित्र भावनाले चित्तलाई शान्त बनाउने प्रयास पनि गऱ्यो । यस्तो मनको अन्तर्द्वन्द्वले केशवराजलाई आधा रातसम्म सुत्नै दिएन । पत्नीले त्यतिन्जेलसम्म ननिदाउनाको कारण सोध्दा पनि उसलाई रिसै उठ्यो, निराशाको भावना नै बढायो तर पत्नीले माफी माग्ने सल्लाह दिनासाथ त्यस सल्लाहले अत्यासले भाउन्न भएका केशवराजमा उत्साह र फुर्ती बढायो ।

बडो उत्सुकतासाथ माफी माग्न गएको केशवराजमा सइससित रिसाएको जर्साबको क्रुद्ध वाणीले थप शङ्का र डर उत्पन्न गर्छ । आफ्नै विरामका कारणले जर्साब त्यति धेरै रिसाएका हुन् भन्ने भ्रमले ऊ बाटामा हिँड्नै नसक्ने गरी विरामी भई अस्वस्थ मनस्थितिमा पुग्छ ।

यही प्रसङ्‌ग उसको असामान्य मनोविज्ञान देखाउने क्षण हो । यसपछि पनि उसका मनमा चेतन मनले अपराध गरेको छैन र अचेतन मनले त्यत्रा ठूला व्यक्तिसँग टेक लिएर भोकै मर्नु हुन्न भन्ने अन्तर्द्वन्द्व मच्चिन्छ र अन्तमा अचेतन मनकै इच्छानुसार माफी माग्नैपर्ने निर्णय हुन्छ । पहिलोपल्ट माफी माग्दा जर्साब झन् रिसाएर बोलेकोजस्तो भान केशवराजलाई हुन्छ । उसको सातोपुत्लो उड्छ । ऊ चारैतिर अँध्यारो देखेर थर्थर काम्दै बेहोसीको स्थितिमा थचक्क बस्छ । यो प्रसङ्‌ग असामान्य मनोविज्ञानको अर्को स्थिति देखाउने मानसिक अवस्था हो ।

यसपछि केशवराज सबभन्दा बढी निराशामा धकेलियो र सिकिस्त बिरामीजस्तो भई भातसात केही नखाई बिछ्यौनामा बङ्‌लङ्‌ग पल्टियो । तापनि, उसमा मरिहाल्ने भावना आएन । उसले बाँच्ने चाहना जागृत भएको अनुभव गऱ्यो र अन्तिममा जर्साबकहाँ गएर सबै यथार्थ बताई माफी माग्दा माफी पायो । यसपछि उसमा सम्पूर्ण मनोविकृतिको अन्त्य भई प्रसन्नता, खुसी र नवीन स्फूर्तिको सञ्चार हुन्छ । घरमा आफ्नी पत्नीप्रति दया, करुणा, सहानुभूति र प्रेमको भावना बढ्छ तापनि कहिलेकाहीँ हेर्दै नहेर्ने वा पूरै बेवास्ता गर्ने जर्साबको कठोरता सम्झेर केशवराजलाई कहिल्यै शान्त नहुने ग्लानिले सताउनचाहिँ छाड्दैन ।

यसरी 'दोषी चस्मा' कथामा हीनताग्रन्थिले ग्रस्त केशवराजका मनका संवेगहरूलाई केलाएर एउटा मनोरोगी व्यक्तिका मानसिक तनाउको सजीव वर्णन गरिएकाले पुरुषपात्रमा पाइने असामान्य मनोविज्ञानको सफल र कुशल अभिव्यक्तिमा कथाकार कोइरालाले उच्च कीर्तिमान हासिल गरेका छन् ।

### ६.५ पात्र प्रयोगमा विशिष्टता

'दोषी चस्मा' थोरै पात्रको प्रयोग गरी लेखिएको कथा हो । यसमा तीन पात्र छन् - केशवराज, उसकी पत्नी र जर्साब । केशवराज कथाको केन्द्रीय पात्र हो र उसकै असामान्य मनस्थितिको विश्लेषण कथाकार कोइरालाले यहाँ गरेका छन् । केशवराजको मानसिक अवस्थालाई अर्कोतर्फ मोड्न उसकी पत्नीको उपस्थिति गराइएको छ । राणाकालीन शासकहरू नेपाली जनतालाई कसरी चाकरीको जाँतोमा दलेर दासतापूर्ण जीवन बिताउन विवश तुल्याउँथे भन्ने यथार्थ देखाउन र चाकरीबाज केशवराजको हीनताग्रन्थिलाई उकासेर उसभित्र उत्पन्न विविध मानसिक संवेगहरूको चक्रलाई सूक्ष्म स्तरमा देखाउन उपस्थित गराइएको पात्र जर्साब हो ।

केशवराज पेसाले राणकालीन चाकरीबाज हो । जर्साबको चाकरी गरेकै भरमा दुई छाकको व्यवस्था गर्ने केशवराज निम्नवर्गीय पात्र हो । उसको परिवारमा पति र पत्नी दुई जना मात्र छन् । आर्थिक स्थिति कमजोर भएकै हुँदा उसले पावर कम भएको चस्माको सिसा फेर्न सकेको छैन । आफ्नो चस्मा दोषी भएकाले उसले ठीकसँग जर्साबलाई स्वस्ति गरी चाकरी पुऱ्याउन सकेन । जर्साब चढेको मोटरको नम्बर आँखाले देख्न नसक्दा मोटर अगाडितिर कटिसकेपछि मात्र देखेर मोटरको पछाडिबाट मात्र उसले स्वस्ति गर्न भ्यायो । यही घटनाले उसलाई जर्साबले बेइज्जती गरेको भनेर रिसाई आफ्नो घरबार उठीबास गराएर बर्बाद गरिदेलान् भन्ने

डर र शङ्का उब्जाइदिन्छ। वास्तवमा त्यो 'मनको बाघ' मात्र थियो तर उसको शङ्कालु मन र हीनताग्रन्थिले उसका मनभित्र अनेक भावहरूको आँधीहुरी सिर्जना गरेर जीवनमा डरलाग्दो भुइँचालो ल्याइदिन्छ । त्यस्ता भावहरूको चर्चा माथि नै भइसकेको छ । सामाजिक दृष्टिले ऊ एक पराश्रयी दासको जीवन बिताउने दयनीय पात्र हो भने मानसिक दृष्टिले हीनताग्रस्त अचेतन मनको सिकार भई त्रासैत्रासमा तनावपूर्ण जीवन भोग्ने एक मनोरोगी हो । त्यसैले उसमा असामान्य मनोविज्ञान देखापर्छ। उसको मानसिक उतारचढाउ र क्रियाप्रतिक्रियाबिच ऊ अस्वाभाविक क्रियाकलापहरू गर्न र अस्वस्थ मनस्थितिमा भुटभुटिँदै दिनरात गुजार्न पुग्छ ।

मनोविश्लेषणात्मक कथाको प्रमुख पात्र केशवराज उसकै व्यक्तिगत मनका सूक्ष्म भावात्मक अन्तर्क्रियालाई देखाउने क्रममा आएको छ । यस क्रममा ऊ व्यक्तिगत पात्रको प्रभावशाली भूमिकामा देखिएको छ । अर्कातिर उसले राणाशासनमा अनेक सामाजिक र मानसिक यन्त्रणा भोगेर दासतापूर्ण जीवन बिताउन विवश सम्पूर्ण नेपाली जनताको निरीह अवस्थाको प्रतिनिधित्व गरेकाले ऊ वर्गीय पात्रको भूमिकामा पनि देखिएको छ । यसरी व्यक्तिगत र वर्गीय दुवै स्वरूपमा अर्थिने उसको चरित्र विशिष्ट प्रकारको पनि र सार्वभौम प्रकारको पनि देखिन्छ। यसो भए तापनि यो चरित्रप्रधान कथा भएकाले यसमा केशवराजको चरित्रचित्रणलाई नै कथाकारले प्रमुखता दिएर उसको मनोविश्लेषणलाई मसिनो गरी केस्राकेस्रामा केलाएर मार्मिक ढङ्गले देखाएका छन्। अन्य दृष्टिले विश्लेषण गर्दा केशवराजले गोलो पात्र, सापेक्ष पात्र, गतिशील पात्र, सार्वभौम पात्र, मौलिक पात्र, आद्यप्रकार एवम् प्रकार पात्रको चारित्रिक विशेषता वहन गरेको छ ।

## ६.७ परिवेश योजना

'दोषी चस्मा' कथामा मूलतः मानसिक परिवेश र अंशतः सामाजिक परिवेशको योजना गरिएको छ । राणाकालीन कठोर तानाशाही शासन-व्यवस्थालाई सामाजिक पृष्ठभूमि र सांस्कृतिक आधारभूमि बनाएर त्यही सामाजिक-सांस्कृतिक परिवेशमा शङ्का, डर, त्रास, निराशा, रिसरागले घेरिएको मानसिक परिवेशभित्र कुच्रिएर तुच्छ वस्तुसरह भएर बाँचेको व्यक्तिको चरित्रमाथि प्रकाश पार्ने उद्देश्य कथाकारको छ। राणाको चाकरीद्वारा जीवन पाल्ने केशवराजको अचेतन मनको अन्नदाता मालिकप्रति रिझाउने गरी भक्ति (स्वस्ति) गर्ने तीव्र इच्छा थियो । त्यो सहजै पूर्ण हुनमा उसको दोषी चस्माले धोका दिएकाले अचेतन मनमा दबिएर उसभित्र मानसिक उकुसमुकुस वा जटिलता उत्पन्न गर्न प्रयत्नशील रह्यो । त्यही मानसिक चिन्ताले भित्रभित्रै जलेको केशवराजको अस्वस्थ मनस्थिति एवम् जिजीविषा (बाँच्ने इच्छा) ले मरिहाल्न नदिई बाँच्ने आशा पलाएर लगभग ज्यानै लिने दुर्घटनाबाट पुनर्जीवन प्राप्त गरेको स्थितिझैँ भएर व्यर्थको शङ्का र असन्तुष्टिबाट शङ्का हटी आत्मसन्तुष्टि प्राप्त भएको मानसिक स्थितिलाई कथाको आन्तरिक परिवेशले देखाएको छ । बाह्य परिवेशमा केवल जर्साबको दरबारमा जाने-आउने बाटो र केशवराजको घर आएको छ भने स्वस्ति

गर्न चुक्ता अकस्मात् जन्मेको 'मनको बाघले खाने स्थिति' र त्यसले बढाएका थरीथरीका मानसिक क्रियाप्रतिक्रिया वा घटनाहरूले कथाको आन्तरिक वा मानसिक परिवेशको निर्माण गरेका छन् । यस प्रकारको परिवेश योजनाले कथालाई विश्वसनीय बनाई पात्रको मनको आन्तरिक स्थितिलाई कलात्मक रूपले व्यक्त गर्नमा भूमिका खेलेको छ ।

### ६.८ भाषाशैलीगत विशेषता

'दोषी चस्मा' कथामा कोइरालाको निजत्वले विशिष्ट बनेको कलात्मक तथा सुन्दर भाषा र शैली पाइन्छ । यसो भए तापनि यस कथाको रचनामा कोइराला विश्वप्रसिद्ध कथाकार आन्तोन चेखभको कथाको भाषाशैलीबाट प्रशस्त प्रभावित देखिन्छन् । त्यसैले 'दोषी चस्मा' चेखभकै जस्तो सरल, सहज, प्रवाहमय र छोटाछोटा वाक्यमा रचना गरिएको प्रभावकारी भाषाशैलीको कथा हो । यो कथा संवादको स्वल्प प्रयोग गरेर रैखिक गतिमा अघि बढाइएको छ । यसमा कथाको सङ्क्षेपात्मक र दृश्यात्मक दुवै पद्धतिमा गरिएको वर्णन छ । कथाका मानसिक घटनावलीलाई तृतीय पुरुषका दृष्टिविन्दुमा राखेर प्रस्तुत गरिएको छ । यसको शीर्षकको भाषा हेर्दा प्रतीकात्मक रहेको देखिन्छ । चस्मा दोषी भएकाले भ्रमवश उत्पन्न भएको मानसिक उल्झन र तनाउको मनोविश्लेषणात्मक ढाँचामा गरिएको वर्णनले नै कथाको आद्योपान्त संरचना तयार भएको छ । चस्मा भनेको दृष्टि हो भने दोषी चस्मा भनेको दृष्टिदोष हो । राणाशासनजस्तो अत्याचारी वा अन्धकारपूर्ण व्यवस्थालाई सम्पूर्ण नेपालीहरू एकजुट भई फ्याँक्न वा उखेल्न छाडेर त्यसकै चाकरीमा लागी जीवन निर्वाह गर्न तम्सने नेपालीहरूको दृष्टि दोषी वा भ्रमात्मक वा बेठीक छ । त्यस्तो दृष्टि कमजोर वा पावर कम भएको चस्माको जस्तै अस्पष्ट र दुःखदायी हुन्छ । त्यसैले राणाशासनलाई हेर्ने हाम्रो दृष्टि वा चस्मा चाँडै फेरेर जनतालाई कुशासन र अप्रजातान्त्रिक व्यवस्थाको दासतापूर्ण जीवनबाट मुक्ति दिलाउनुपर्छ भन्ने सन्देश यस कथाको शीर्षक र कथ्यले दिएको छ । त्यस्तो कुव्यवस्थाका पृष्ठपोषकलाई जतिसुकै चाकरी र भक्ति गरे पनि नेपाली जनताले 'ग्लानि' बाहेक केही पाउन सक्तैनन् भन्ने निष्कर्ष राणाशासन विरोधी तथा प्रजातन्त्रवादी कथाकार कोइरालाले कथाको अन्तमा व्यङ्ग्यात्मक शब्दमा प्रकट गरेबाट प्राप्त हुन्छ । वस्तुतः राणाशासनप्रति मानसिक तहदेखि नै घृणा उमार्ने उद्देश्य लिएर लेखिएको कथा भनी 'दोषी चस्मा' लाई बुझ्न सकिन्छ ।

## ७. निष्कर्ष

'दोषी चस्मा' कथाकार विश्वेश्वरप्रसाद कोइरालाको सर्वोत्कृष्ट मनोविश्लेषणात्मक कथा हो । राणाकालीन सामाजिक परिवेशमा बाँचेका केशवराजजस्ता दिनरात मानसिक उत्पीडनमा पिल्सिने नेपालीहरूको कारुणिक अवस्थाको मार्मिक चित्रण यसमा भएको पाइन्छ । यसले मूलतः व्यक्तिको असामान्य मनोविज्ञानको कलात्मक प्रस्तुति गरेको छ । यसबाट कथाकार कोइराला फ्रायडीय मनोविश्लेषण सिद्धान्त अत्यन्त सफल रूपमा प्रयोग गर्न सक्षम अद्वितीय प्रतिभाका रूपमा नेपाली

साहित्यको आख्यान परम्परामा अविस्मरणीय रहन पुगेका छन् । उनको 'दोषी चस्मा' कथाले त्यही पात्रगत भूमिकाका आधारमा अन्तरमनलाई केलाउन सफल भएको छ । सुन्दर कथाशिल्पले सजाएर कथाकारले पात्रगत हीनताग्रन्थि र संवेगको प्रस्तुतिका आधारमा अन्तरमनको असामान्य पक्षलाई प्रश्रय दिएको ठहर हुन्छ ।

## सन्दर्भ सामग्री सूची

आचार्य, नरहरि र अन्य (सम्पा., २०४६), *नेपाली कथा भाग १,* ललितपुर : साझा प्रकाशन ।

कोइराला, विश्वेश्वरप्रसाद (२०३२), *दोषी चस्मा*, ललितपुर : साझा प्रकाशन ।

चेखभ, आन्तोन (इ. १९८२), *कथासङ्ग्रह*, अनु. राजेन्द्र मास्के, मास्को : प्रगति प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०२८), *विचरण*, काठमाडौँ : भानु प्रकाशन ।

फ्रायड, सिग्मन्ड (इ. १९९६), *फ्रायडः मनोविश्लेषण*, अनु. देवेन्द्र कुमार, दिल्ली : राजपाल एन्ड सन्ज ।

बराल, ईश्वर (सम्पा., २०२८), *झ्यालबाट*, काठमाडौँ : भानु प्रकाशन ।

भण्डारी, कृष्णप्रसाद (२०५६), *फ्रायड र मनोविश्लेषण*, ललितपुर : साझा प्रकाशन ।

शर्मा, तारानाथ (२०५६), *नेपाली साहित्यको इतिहास*, काठमाडौँ : अक्षर प्रकाशन ।

शर्मा, मोहनराज (२०४०), *नेपालीका केही आधुनिक साहित्यकार*, काठमाडौँ : सहयोगी प्रेस ।

शर्मा, हरिप्रसाद (सम्पा., २०५०), *विश्वेश्वरप्रसाद कोइरालाका कथा*, ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०३२), *नेपाली साहित्यका केही पृष्ठ*, ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम (सम्पा., २०५७), *नेपाली कथा भाग ४*, ललितपुर : साझा प्रकाशन ।